नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ अंक ९३ २०७८ साल कात्तिक १७ गते बुधबार (3 Nov. 2021 Wednesday) मूल्य रु. ५/-

**Log on : rajbirajdainik.com.np**

कोरोनाकालको चाडबाडः सकेसम्म नगरौं भेटघाट,
भाइरसबाट जोगिएर मनाऔंला अर्को साल ।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : प्रदेश २ का मुख्यमन्त्री.. ३ पृष्ठमा : आन्दोलनरत बाल शिक्षक तथा ... ३ पृष्ठमा :विश्वमा पानीजन्य संकट ...

# प्रदेश १ मा फेरिए सरकार
# मुख्यमन्त्रीमा राजेन्द्र राई नियुक्त



**दैनिक समाचारदाता**
**बिराटनगर, १६ कात्तिक ।**

नेकपा एकीकृत समाजवादीका सचिव राजेन्द्र राई प्रदेश १ को मुख्यमन्त्रीमा नियुक्त भएका छन् । पाँच दलीय गठबन्धनको तर्फबाट राई मुख्यमन्त्री बनेका हुन् ।

उनलाई मंगलबार प्रदेश प्रमुख सोमनाथ अधिकारी प्यासीले शपथ गराए । मंगलबार नै ४ मन्त्री र एक राज्यमन्त्रीले पनि शपथ लिएका छन् ।

नेपाली काँग्रेसबाट केदार कार्की आन्तरिक मामिला तथा कानुनमन्त्री र हिमाल कार्की भौतिक पूर्वाधार मन्त्री, माओवादी केन्द्रबाट इन्द्रबहादुर आङ्बो आर्थिक मामिला तथा योजनामन्त्री र जसपाबाट जयराम यादव सामाजिक विकास मन्त्रीको शपथ लिएका छन् ।

त्यस्तै संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चकी कृष्णकुमारी तुम्बाहाङ्फे सामाजिक विकास राज्यमन्त्रीको शपथ लिएकी छन् ।

गत भदौ ९ मा एमाले विभाजित बनेपछि राजेन्द्र ओलीको छायाँबाट मुक्त मात्रै बनेनन्, त्यसको दुई महिनापछि प्रदेश १ को मुख्यमन्त्री पनि बन्न सफल भए । एमाले सचिव समेत रहेका भीम आचार्यलाई विस्थापित गरेर मुख्यमन्त्री बन्न उनी सफल भएका हुन् ।

लामो समय अखिल राजनीतिमा सक्रिय उनी पहिलोपटक २०६८ मा केन्द्रीय सदस्य मनोनित भएर पाटीमा सक्रिय बनेका थिए । २०७१ मा सम्पन्न एमालेको नवौं महाधिवेशनबाट उनी पाटी केन्द्रीय सदस्यमा निर्वाचित भएका थिए ।

मुख्यमन्त्री राई २०२७ असार १५ गते भोजपुरको ९ किमालुङ गाविस हाल षडानन्द नगरपालिका १० सुर्केमा जन्मेका राईले राजनीतिशास्त्रमा स्नातकोत्तर

***बाँकी अन्तिम पृष्ठमा***

# माओवादीद्वारा शुभकामना आदान प्रदान




**दैनिक समाचारदाता**
**राजविराज, १६ कात्तिक ।**

नेपाल कम्युनिष्ट पार्टी ( माओवादी केन्द्र) राजबिराज नगरपालिका वडा नं. ९ ले शुभदिपाबली, भरदुतिया एवं छठ पर्बको अवसरमा शुभकामना आदान प्रदान कार्यक्रम गरेको छ ।

सुगम्बर यादवको अध्यक्षता तथा नेकपा (माओवादी केन्द्र) सप्तरी जिल्ला इन्चार्ज एवं केन्द्रिय सदस्य अशोक कुमाराजविराज कार्तिक १६ गते ।नेपाल कम्युनिष्ट पाटी ९माओवादी केन्द्र ० ले शुभदिपाबली,भरदुतिया एबम छठ पर्बको उपलक्ष्य मा शुभकामना आदान-प्रदान कार्यक्रम को आयोजना गरिएको छ ।

**leadership mentoring programme**

A year-long mentorship programme for young women in Nepal to enhance leadership skills

Australian Government · BRITISH COUNCIL · British Embassy Kathmandu · EUROPEAN UNION · Embassy of Switzerland in Nepal · UNDP · unicef for every child · UNITED NATIONS NEPAL · USAID

**Deadline: Tuesday, 16 November 2021, 23:59 NPT**
**To Apply: bit.ly/3ALJ1XL**

काठमाडौं स्थित बेलायती दूतावासले महिला तथा बालिकाहरुलाई सशक्तिकरण गर्न सहयोगी सम्बन्ध निर्माण र प्रवर्द्धन गर्नु महत्वपूर्ण रहेको विश्वास गर्दछ। तसर्थ, बाल बालिकाको अन्तर्राष्ट्रिय दिवस २०२१ मा, महिलाहरुले नेतृत्व गरेका दूतावास र विकास एजेन्सीहरूको समूहद्वारा सञ्चालित यस एक वर्ष लामो मार्गदर्शन कार्यक्रमको हिस्सा बन्न, हामी नेपालका सबै युवा महिलाहरूलाई आह्वान गर्दैछौं।

सफल उम्मेदवारहरुले आफ्नो नेतृत्व सिप विकास गर्नका निम्ति काठमाडौं स्थित महिला राजदूतहरु र एजेन्सीहरूका प्रमुखहरूबाट मार्गनिर्देशन (मेन्टरीङ) प्राप्त गर्ने अवसर पाउनेछन्।

सफल आवेदकहरुलाई निम्न अनुभवी सहयात्रीहरु (मेन्टर्स) मध्ये एकद्वारा मार्गनिर्देशन गरिनेछ:

- नेपालका लागि बेलायती राजदूत, महामहिम निकोला पोलिट् (Nicola Pollitt)
- नेपालका लागि अस्ट्रेलियाली राजदूत, महामहिम फेलीसिटी भोल्क (Felicity Volk)
- नेपालका लागि युरोपियन यूनियनका राजदूत, महामहिम नोना डुप्रेज (Nona Duprez)
- नेपालको लागी स्विट्जरल्याण्डका राजदूत, महामहिम एलीजाबेथ भन कपेलर (Elisabeth von Capeller)
- यूएसएआईडीकी प्रमुख सेपीडे कीभ्यान्सड (Sepideh Keyvanshad)
- ब्रीटिस काउनशील नेपालकी राष्ट्रिय निर्देशक शाहीदा म्याकडोगल (Shahida MacDougall)
- संयुक्त राष्ट्रसंघका आवासीय संयोजक, सारा बेसोलो न्यान्टी (Sara Beysolow Nyanti)
- नेपालका लागी यूनीसेफकी प्रतिनिधि एल्के विस्च (Elke Wisch)
- यूएनडीपीकी आवासीय प्रतिनिधि एशानी मेडागन्गोडा- लाबे (Ayshanie Medagangoda–Labe)

कसरी आवेदन पेश गर्ने भनेर पूर्ण जानकारी पाउनको लागि, कृपया **www.gov.uk/government/news/participate-in-a-womens-leadership-mentoring-programme-in-nepal** मा जानुहोस्।

मास्क लगाउनुहोस्

मैले लगाएको मास्कले
तपाईंको सुरक्षा गर्छ



तपाईंले लगाउनुभएको
मास्कले मेरो सुरक्षा
गर्छ

हामी सबैको साझेदारीले मात्र हामी एक अर्कालाई
बचाउन सक्छौं




मास्क लगाऔं
भौतिक दुरी कायम गरौं
बेलाबेलामा साबुनपानीले हात धोऔं

अनुरोधकर्ता : राजगढ गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

## सम्पादकीय

### सावधानी अपनाऔं

तिहारको पूर्वसन्ध्यामा बजारमा पूजा सामाग्रिदेखी लिएर खाद्यान्न खरीद गर्नेहरुको निकै भिड लागेको छ । सबै थोकमा मुल्य बृद्धि भएपनि उपभोक्ताहरु सामान खरीद गर्न लागिपरेका छन् । बजारमा अहिले सम्पूर्ण बस्तुमा मुल्य निकै बृद्धि भएको छ । यस्तो अवस्थामा पनि चाडपर्व मनाउन मानिसहरु किनमेललाई प्राथमिकतामा राखेका छन् । हाल पनि कोरोना माहामारीको त्रास कायमै रहेको बेला भिडभाड हुनुले स्वास्थ्यका लागि हानिकार हन्छ । सरकारले अहिले पनि मानिसहरुलाई सतर्कता अपनाउन आग्रह गरिरहेका छन् । तर, सो आग्रहलाई वेवास्ता गर्दै मानिसहरु लापरवाही गरिरहेको देखिन्छ ।

विगत दुई वर्षदेखी माहामारीका कारण चाडपर्व खुल्ला रुपले मनाउन नसकेको अवस्थामा हाल माहामारीको त्रास केही कम भएपछि मानिसहरु चाडपर्व मनाउन लागिपरेका छन् । तर चाडपर्व मनाउँदा सतर्कता पनि आवश्यक छ । माहामारीलाई वेवास्ता गरेर भिडभाडका साथ किनमेल तथा बिना सावधानी अपनाएर चाडपर्व मनाउनु अहिलेको परिस्थितिले दिदैन् । जेहोस् चाडपर्वको रौनक तथा यसको मौलिकता आफ्नै रहेको छ। तर पनि सावधानी अपनाउनु पनि उत्तिकै आवश्यक छ ।

तसर्थ अहिले पनि महामारीको त्रास कायमै रहेकोले सबैले सावधानी पूवर्क चाडपर्व मनाऔं र आफूसहित परिवारको पनि स्वास्थ्य अवस्थालाई ख्याल गरौं । सानो भुलले ठूलो दुर्घटना हुन सक्छ । यसर्थ यस्ता कुरालाई सबैले मनन् गर्न पनि उत्तिकै जरुरी रहेको छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# किन आरोप प्रत्यारोपमा उत्रिए नेपालका स्टिल उद्योगी ?

काठमाडौं, १६ कात्तिक (रासस) ।

सरकारले प्रतिस्थापन विधेयकमार्फत 'स्पञ्ज आइरन' को आयातमा भन्सार शुल्क घटाइ स्टिल 'विलेट्स'को आयातमा अन्तःशुल्क लगाउने व्यवस्था गरेसँगै नेपालका स्टिल उद्योगी आरोप प्रत्यारोपमा उत्रिएका छन् ।

सरकारले आर्थिक विधेयक २०७८ मार्फत फलामे डण्डीसँग सम्बन्धित कच्चा पदार्थ स्पञ्ज आइरनको आयातमा भन्सार महसुल तथा अन्तःशुल्क पूर्णरूपमा छुट गरेको छ भने विलेट्स आयातमा ४.७५ प्रतिशत भन्सार महसुल तथा भन्सार विन्दुमै प्रतिमेट्रिकटन रु दुई हजार ५०० अन्तःशुल्क कायम गरेको छ ।

बजेटमा गरिएको यस्तो व्यवस्थाको नेपालमा स्पञ्ज आयात गरेर विलेट्स उत्पादन गरी डण्डी बनाउँदै आएका उद्योगीले स्वागत गरेका छन् भने विलेट्स आयात गरी डण्डी उत्पादन गर्दै आएका उद्योगीले भने विरोध गरेका छन् । प्रतिनिधिसभाको अर्थ समितिले मंगलबार उक्त व्यवस्थाको पक्ष विपक्षमा रहेका उद्योगीलाई बैठकमा बोलाएर छलफल गरेको छ । छलफलमा सहभागी उद्योगीले आआफ्नो तर्कमार्फत समितिलाई विश्वासमा लिएर सरकारको उक्त निर्णय 'जोगाउने' र 'खारेज' गर्ने रणनीतिमा जुटेका छन् । नेपाल स्टिल रोलिङ मिल्स एसोसिएसनमा आबद्ध सदस्यले एसोसिएसनको अध्यक्षले आफूहरूको प्रतिनिधित्व गर्न नसक्ने र अध्यक्ष नै उद्योगी डुबाउन लागेको आरोप लगाएका छन् ।

बैठकमा दुवै पक्षका उद्योगीले सरकारको यस निर्णयबाट मुलुकको राजश्व संकलनमा पर्ने प्रभाव, फलामे डण्डीको उपभोक्ता मूल्य र गुणस्तर, रोजगारी सिर्जना, ऊर्जा तथा स्थानीय कच्चा पदार्थको खपतलगायत विषयमा आआफ्नो दलिल पेश गरेका थिए । नेपालमा २४ वटा विलेट्स आयात गरी डण्डी उत्पादन गर्ने र स्पञ्ज आयात गरी विलेट्स उत्पादन गर्ने १३ वटा उद्योग सञ्चालनमा रहेका छन् ।

समितिले आर्थिक ऐन, २०७८ मा फलामे डण्डीको कच्चा पदार्थ विलेट्स तथा स्पञ्ज आइरनको सम्बन्धमा गरिएको व्यवस्था र उक्त व्यवस्थाले नेपालको अर्थतन्त्रका विभिन्न आयाममा पार्ने प्रभावलगायत विषयमा छलफल आयोजना गरेको थियो ।

छलफलमा अर्थमन्त्री र सचिव राजधानी बाहिर रहेकाले बैठकमा उपस्थित हुन नसकेको समितिका सभापति कृष्णप्रसाद दाहालले जानकारी गराउनुभएको थियो । यद्यपि, बैठकमा समितिका सदस्यहरूको सहभागिता पनि न्यून थियो ।

**के भने विलेट्स आयातकर्ता उद्योगीले ?**

फलामे डण्डीको कच्चा पदार्थ स्पञ्ज आइरन तथा विलेट्सको बीचमा भन्सार महसुल तथा अन्तःशुल्कमा गरिएको विभेदकारी व्यवस्थाले नेपालमा औद्योगिक, वातावरणीय, सामाजिक एवं आर्थिक क्षेत्रमा तत्कालीन र दीर्घकालीन प्रभाव पार्ने विलेट्स आयातकर्ता उद्योगीको भनाइ छ ।

स्पञ्ज आइरनको आयातबाट फलाम उत्पादन गर्दा कच्चा पदार्थको लागतमा विभेद, आन्तरिक मूल्य अभिवृद्धि तथा एकाधिकृत बजारको सिर्जना हुने, उत्पादनको गुणस्तरमा प्रश्न उठ्ने, वातावरणमा दीर्घकालीन असर गर्ने, उद्योगमा काम गर्ने श्रमिकको व्यवसायजन्य सुरक्षामा चुनौती थप्नेलगायत समस्या देखिने उनीहरूको आरोप छ ।

उनीहरूले स्पञ्ज आइरनबाट विलेट्स उत्पादनका क्रममा अत्यधिक प्रदूषण हुने भएकाले स्पञ्ज आइरनमा समेत अन्तःशुल्क तथा प्रदूषण शुल्क लगाउन, कच्चा पदार्थको आयात मै भन्सार विन्दुमा नलगाइ तयारी वस्तुको उत्पादन र बिक्रीमा मात्र अन्तःशुल्क लगाउन सरकारलाई सुझाव दिएका छन् ।

साख स्टिलका प्रमुख किरण साख प्रतिस्थापन विधेयकमार्फत स्पञ्ज आइरनको आयातमा शून्य भन्सार दर लगाइएको देख्दा उद्योगी अचम्मित बनेको बताउनुहुन्छ । सरकारको उक्त निर्णयले १५० अर्ब लगानी गरेका दुई दर्जन बढी उद्योग नराम्ररी प्रभावित भएको उहाँको भनाइ छ । "उक्त प्रावधानलाई तत्काल संशोधन गर्नुपर्छ, अन्यथा उद्योग धरासयी हुने अवस्था आउँछ", उहाँले भन्नुभयो ।

पञ्चकन्या स्टिलका कार्यकारी निर्देशक उज्वल श्रेष्ठ सरकारले यस निर्णयबाट विलेट्स आयात घट्दै र स्पञ्ज आयात बढ्दै गएकाले राजश्व गुम्दै गएको बताउनुहुन्छ । "स्पञ्ज आइरनमा भन्सार छुट सुविधा पाएको मौकामा गत वर्षको कुल आयात परिमाणको करिब ३५ प्रतिशत स्पञ्ज आइरन विगत एक महिनामै आयात भएको छ", उहाँले भन्नुभयो, "यसबाट सरकारलाई ठूलो मात्रामा राजश्व नोक्सानी भइरहेको छ ।"

**स्पञ्ज आयातकर्ता उद्योगी भन्छन्- 'डण्डीको उपभोक्ता मूल्य घटेको छ'**

सरकारको उक्त निर्णयबाट फलाम उद्योगका क्षेत्रमा सकारात्मक परिमाण दिएको नेपाल स्टिल विलेट उत्पादक संघको भनाइ छ । सङ्घका अध्यक्ष विष्णुप्रसाद न्यौपाने प्रतिस्थापन विधेयकमा गरिएको व्यवस्थाले नेपालमा डण्डीको मूल्य घट्ने अवस्था आएको तर्क गर्नुहुन्छ । स्पञ्ज आइरनको मूल्य घट्दा आफूहरूले उत्पादन गरेको विलेट्स प्रयोग गरेर सस्तोमा डण्डी उत्पादन गर्न उहाँको अन्य उद्योगीलाई सुझाव छ ।

स्पञ्ज आइरनको भन्सार घट्दा स्थानीय विलेट्स उत्पादकसँग ४ रुपैयाँ प्रतिकिलो सस्तोमा विलेट्स खरिद गरी डण्डी उत्पादन गरी प्रतिकिलो ४ रुपैयाँ घटाइ बेच्न सकिने अवस्था छ", उहाँले भन्नुभयो, "बजेटले आज पनि विलेट्स आयात गरेर डण्डी उत्पादन गर्नेलाई भन्सार दर पूरानै लाग्ने र अन्तःशुल्कमा ०.८५ पैसा मात्र बढेकामा एकाधिकारको प्रश्न उठाउन मिल्छ र ?"

आफूहरूले उत्पादन गरेको विलेट्सको गुणस्तरमा कुनै सम्झौता नभएको जिकिर गर्दै उहाँले नियामक निकायबाट प्रत्येक तीन/तीन महिनामा गुणस्तरको परीक्षण हुँदै आएको बताउनुभयो । स्पञ्जबाट विलेट्स उत्पादन गर्दा अतिरिक्त विद्युत् खपत हुने, यसबाट बिजुली खेर जाने अवस्था न्यूनीकरण हुने, थप रोजगारी सिर्जना हुने, स्वदेशी कच्चा पदार्थको प्रयोग बढ्ने उहाँको जिकिर छ ।

"यसबाट थप ५०० मेगावट विद्युत् खपत बढ्छ, थप २० हजार रोजगारी सिर्जना हुन्छ । ४० अर्बको आयात प्रतिस्थापन हुन्छ, उपभोक्ताले गुणस्तरीय डण्डी प्रतिकिलो ४ रुपैयाँ सस्तोमा पाउने वातावरण बन्छ", अध्यक्ष न्यौपानेले भन्नुभयो, "नेपालको धौवादी फालाम खानीबाट निस्कने स्पञ्जको नेपालमै प्रयोग हुन्छ । जसबाट मुलुकको कुल गार्हस्थ्य उत्पादनमा एक प्रतिशत बढीले वृद्धि हुन्छ ।"

**उद्योगको संरक्षण गर्नुपर्छः सांसद्**

छलफलमा सहभागी सांसद्ले सरकारको निर्णयबाट उद्योगीलाई अप्ठ्यारो पर्न नहुने र देशमा सञ्चालित उद्योगको संरक्षण र प्रवर्द्धन गरिनुपर्ने बताउनुभयो । सांसद सुरेन्द्र पाण्डेले राष्ट्रिय उद्योगलाई संरक्षण गर्न राज्यको ध्यान जानुपर्ने बताउनुभयो ।

सांसद श्यामकुमार श्रेष्ठले उद्योग बन्द हुने अवस्था आउन नहुने र उद्योगलाई राज्यले संरक्षण गर्नुपर्ने बताउनुभयो । उद्योगको संरक्षण, सम्बर्द्धन र उत्पादन वृद्धि हुने वातावरण बनाउनुपर्नेमा जोड दिँदै उहाँले विभिन्न वहानामा उद्योग बन्द गर्ने होइन निरन्तर सञ्चालन हुने अवस्था सिर्जना गर्नुपर्ने बताउनुभयो । समितिका सभापति दाहालले समितिले दुवै पक्षको गुनासालाई सरोकारवाला पक्षसँगको छलफलबाट निष्कर्षमा पुऱ्याइने बताउनुभयो ।

# 'दुई वर्षभित्र सबै घरमा विद्युतीकरण गरिनेछ'

काठमाडौं, १६ कात्तिक (रासस) ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालले आगामी दुई वर्षभित्र सबै नेपालीको घरमा विद्युत् सुविधा पुऱ्याउने सरकारको लक्ष्य रहेको बताउनुभएको छ । वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको रजत महोत्सवका अवसरमा मंगलबार यहाँ आयोजित समारोहमा मन्त्री भुसालले केन्द्रीय प्रसारण लाइन पुग्न नसक्ने स्थानमा वैकल्पिक ऊर्जाको माध्यमबाट विद्युत् सुविधा प्रदान गरी आधुनिक ऊर्जाको पहुँचबाट कोही पनि नागरिक वञ्चित हुनु नपर्ने धारणा राख्नुभयो ।

उहाँले स्वदेशी विद्युत् खपत बढाउन, आयातीत इन्धनलाई कम गर्न र असन्तुलित व्यापार घटा न्यून गर्न विद्युत् ऊर्जालाई प्रमुख प्राथमिकता दिएको उल्लेख गर्नुभयो । सिँचाइको अभावमा जमिन बाँझो राख्न नपरोस् भनेर सिँचाइका लागि प्रयोग हुने ऊर्जाको महसुल घटाइएको र आगामी दिनमा यसलाई निःशुल्क गरिने नीति सरकारको रहेको बताउँदै मन्त्री भुसालले यसबाट मुलुकलाई खाद्यान्नमा आत्मनिर्भर गर्न सकिने विश्वास व्यक्त गर्नुभयो ।

उहाँले समातामूलक राष्ट्र निर्माणका लागि गरिब जनतासम्म ऊर्जाको पहुँच पुऱ्याउने उद्देश्यले सरकारले २० युनिटभन्दा कम खपत गर्नेलाई निःशुल्क विद्युत् सेवा प्रदान गर्ने निर्णय गरेको बताउनुभएको छ । "यस सुविधाबाट २० युनिटभन्दा कम खपत गर्ने २६ लाख घरधुरीका झण्डै एक करोड ३० लाख जनसङ्ख्या प्रत्यक्ष लाभान्वित हुनेछन्,", उहाँले भन्नुभयो ।

मन्त्रालयका सचिव देवेन्द्र कार्कीले वैकल्पिक ऊर्जाको माध्यमबाट देशका दुर्गम भेगमा बसोबास गर्ने जनतालाई ऊर्जा सेवा प्रदान गर्न सकिएको र अन्तर्राष्ट्रियस्तरमा पनि कार्बन व्यापार गरी विदेशी मुद्रा आम्दानी गर्ने बाटो खुला भएकाले यस प्रविधिलाई राज्यले उच्च प्राथमिकतामा राखेको बताउनुभयो ।

नेपालका लागि बेलायतका राजदूत निकोला पोलिटले नेपालले नवीकरणीय ऊर्जाको विकास र प्रवर्द्धनमा उल्लेखनीय प्रगति हासिल गर्न सकेको उल्लेख गर्दै जलवायु परिवर्तनबाट सिर्जित विश्वव्यापी समस्या समाधानका लागि स्वच्छ ऊर्जा प्रविधिमा लगानी बढाउनु पर्दछ भन्नुभयो ।

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक डा मधुसूदन अधिकारीले केन्द्रमार्फत २५ वर्षको अवधिमा नवीकरणीय ऊर्जा प्रविधिहरूमार्फत करिब ३५ लाख घरधुरीका बासिन्दा लाभान्वित भएको जानकारी दिनुभयो । उहाँका अनुसार लघुजलविद्युत्बाट ३६ मेगावाट विद्युत् उत्पादन भई दुई लाख ३७ हजार घरधुरी तथा सौर्य प्रणालीबाट नौ लाख ६१ हजार घरमा विद्युतीकरण भएको, १६ लाख सुधारिएको चुलो जडान हुनाको साथै ११ हजार पानीघट्ट, दुई हजार ८०० वटा संस्थागत सौर्य प्रणाली र ३४४ ठूलासहित चार लाख ३३ हजार बायोग्यास प्लान्ट जडान भएका छन् । यसबाहेक केन्द्रले एक मेगावाटभन्दा बढीका सौर्य र वायु ऊर्जा मिश्रित मिनीग्रिड प्रणाली पनि जडान गरेको छ ।

नेपाल नवीकरणीय ऊर्जा परिसङ्घका अध्यक्ष गुणराज ढकालले नेपालमा वैकल्पिक ऊर्जाको विकास र विस्तारमा

*बाँकी अन्तिम पृष्ठमा*

# १३ लाखले गरे कम्पनी विवरण अद्यावधिक

काठमाडौँ, १६ कात्तिक (रासस) ।

करिव १३ लाख बढी उद्योगले छुटमा विवरण अद्यावधिक गरेका छन् । सरकारले लामो समयदेखि नवीकरण नगरेका कम्पनीलाई नवीकरणमा छुट दिएसँगै नवीकरण गर्नेका सङ्ख्यामा वृद्धि भएको छ । अर्थमन्त्री जनार्दन शर्माले प्रतिस्थापन विधेयकमार्फत २०७८ पुस मसान्तसम्म ५ प्रतिशत रकम बुझाएर कम्पनी नवीकरण गर्न सकिने व्यवस्था गरेसँगै ती कम्पनीले छुटमा नवीकरण गरेको कम्पनी रजिष्ट्रार कार्यालयले जनाएको छ ।

सरकारले कम्पनी ऐन, २०६३ तथा प्राइभेट रजिष्ट्रेशन ऐन, २०१४ अनुसार आर्थिक वर्ष २०७५/७६ सम्मको वार्षिक विवरण नबुझाएका तथा नवीकरण नगरेका कम्पनी तथा फर्मले २०७८ साल पुस मसान्तभित्र विवरण र शुल्क तथा जरिवानाको ५ प्रतिशत रकम बुझाएमा बाँकी शुल्क तथा जरिवाना मिनाहा दिएको थियो ।

कार्यालयका रजिष्ट्रार प्रदीपराज अधिकारीका अनुसार विसं २०२० मा दर्ता भएका कम्पनीसमेत छुटमा नवीकरण गर्न आएका छन् । बजेटमा नै कम्पनी नवीकरणमा छुट दिएपछि उल्लेख्य मात्रामा कम्पनी नवीकरण गर्न आएको उहाँले जानकारी दिनुभयो । पछिल्लो समय नयाँ कम्पनी दर्ता तथा छुटमा नवीकरणका लागि दैनिक एक सय ५० सम्म निवेदन आउने गरेका छन् । पछिल्ला केही दिनयता कम्पनी रजिष्ट्रार कार्यालयमा उद्योगको विवरण अद्यावधिक गर्नेको भीड लाग्ने गरेको छ ।

उहाँकाअनुसार विभिन्न कारणले समयमा विवरण अद्यावधिक नगराएका छुट पाएसगैं अद्यावधिक गर्न हौसिएका छन् । कोभिडको महामारीका बाबजुद कार्यालय परिसरमा ठूलो भिड लाग्ने गरेको छ । धेरै पुराना कम्पनी, ठूलो जरिवाना रकम पाएर विवरण अद्यावधिक नगरेका कम्पनी छुट पाएसँगै विवरण अद्यावधिक गराउन थालेका छन् ।

**उद्योग दर्तामा वृद्धि**

गतवर्षका तुलनामा सरकारले छुट दिएसँगै नयाँ दर्ता तथा विवरण अद्यावधिक गराउने उद्योगका सङ्ख्यामा समेत वृद्धि भएको छ । गत वर्षको असोजमसान्तसम्म ७ हजार ५२६ कम्पनी दर्ता तथा उद्यावधिक भएकोमा हाल ९ हजार ७९४ कम्पनी दर्ता भएका छन् ।

कार्यालयका अनुसार गत वर्षको तुलनामा हाल उद्योग दर्ता गराउनेको सङ्ख्या ३० प्रतिशतले बढेको छ । असोजमसान्तसम्म कम्पनी दर्ता तथा विवरण अद्यावधिकबाट रु ३४ करोड ९१ लाख बढी राजस्व सङ्कलन भएको छ । '९५ प्रतिशत छुट दिएर ५ प्रतिशत मात्र शुल्क लिँदा गत वर्षको तुलनामा अहिले राजस्व सङ्कलन करिब दोम्बर भएको छ । छुट दिँदा रकम घट्नुपर्ने हो ।

व्यवसायीको उत्साहजनक सहभागिताका कारण उल्लेख्य रूपमा राजस्व सङ्कलन बढेको छ', रजिष्ट्रार अधिकारीले भन्नुभयो । कम्पनी ऐनमा तोकिएको म्यादभित्र विवरण, सूचना-जानकारी वा जवाफ उपलब्ध नगराउदा प्रत्येक वर्ष रु पाँच हजारदेखि बीस हजारसम्म जरिवाना लाग्ने कानूनी व्यवस्था रहेको छ । ऐनले कम्पनीको चुक्ता पूँजी र विवरण नबुझाएको समयावधिअनुसार जरिवानाको व्यवस्था गरेको छ।

कार्यालयको तथ्याङ्कअनुसार हालसम्म दुई लाख ७२ हजार बढी कम्पनी दर्ता छन् । ती मध्ये करिब १० प्रतिशत कम्पनीले नियमित र १० प्रतिशतले जरिवाना तिरेर विवरण अद्यावधिक गराउने गरेको रजिस्ट्रार अधिकारीले जानकारी दिनुभयो । "नेपालमा मात्रै होइन, विश्वमै दर्ता भएका करिब २० प्रतिशतजति कम्पनी मात्रै सक्रिय हुन्छन्," उहाँले भन्नुभयो, "समयमै वार्षिक साधारणसभा नगर्ने, अद्यावधिक नगराउनेलगायत प्रवृत्ति जतातत‍ै देखिन्छ।"सुविधा लिनका लागि कम्पनी ऐन २०६३ ले तोकिएका विवरण अनिवार्य रूपमा रजिस्ट्रारका कार्यालयमा बुझाउनुपर्ने हुन्छ । ऐनको दफा ८१ मा बुझाउनुपर्ने विवरण नबुझाएमा कारबाही हुने व्यवस्था छ ।

कम्पनीले ऐनको दफा ५१, ७८, १२०, १३१ र १५६ अनुसारका विवरण, सूचना, जानकारी वा जवाफ सो कार्यालयमा बुझाउनुपर्छ । तोकिएका विवरण तोकिएका समयमा नबुझाएमा कम्पनीका सञ्चालक वा यसका पदाधिकारीलाई रजिस्ट्रारले कम्पनीको पूँजी र बिलम्ब भएको समय हेरी न्यूनतम रु एक हजारदेखि वार्षिक बीस हजारसम्म नगद जरिवाना गर्ने व्यवस्था छ ।

ऐनको दफा १३६ मा लगातार ३ वर्षसम्म कम्पनीले वार्षिक आर्थिक विवरण, सञ्चालक समिति र लेखापरीक्षकको प्रतिवेदन वार्षिक साधारणसभाबाट अनुमोदन भएको ३० दिनभित्र रजिस्ट्रारको कार्यालयमा नबुझाएमा वा विवरण नबुझाएबापत् तिर्नुपर्ने जरिवाना नतिरेमा कम्पनी खारेज गर्ने व्यवस्था छ । धेरै कम्पनीले लामो समयदेखि जरिवाना रकम तिरेका थिएनन् ।

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आवश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | धाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुंको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**

**मोवाईल नं. ९८५२८२०९३५**

## विश्व समाचार

### ५० लाखभन्दा बढीको मृत्युपछि राष्ट्रसङ्घले भन्यो : खोप सबैलाई दिइयोस

संयुक्त राष्ट्रसङ्घ, १६ कात्तिक (रासस/सिन्ह्वा) ।

विश्वमा कोरोना भाइरसको प्रकोपबाट मृत्यु हुनेको सङ्ख्या ५० लाख नाघेको बताइएको छ । गएको करिब दुई वर्षयता यो भाइरसको प्रकोप सुरु भएको थियो ।

त्यसैले यस्तो अवस्थामा विश्वका नागरिकलाई यस भाइरसका विरुद्धको खोप सहज र सुलभरुपमा उपलब्ध हुनभसुपर्ने संयुक्त राष्ट्रसङ्घले जनाएको छ ।

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले कोरोना भाइरसविरुद्धको खोप वितरण समान नहुँदा संसारका नागरिकले ज्यान गुमाउनुपरेको बताउनुभएको छ ।

उहाँले भन्नुभयो, विश्वका धनी भनिएका देशले कोरोना भाइरसको तेस्रो मात्रा लगाउने तयारी गर्दैछन् तर पनि यहाँ अफ्रिकामा भने पाँच प्रतिशत मात्र नागरिकले पूर्णखोप लिएका छन् । यो संसार कै लागि लाजमर्दो अवस्था हो, उहाँले भन्नुभएको छ । यो महामारीले विश्वलाई नै उत्तिकै असर गरिरहेकाले सबै देशले खोपको उपलब्धतामा समान व्यवहार अपनाउनुपर्नेमा जोड दिनुभयो ।

महासचिव गुटेरेसले हाल विश्वमा कोरोना भाइरसका विरुद्धको खोप उत्पादन र वितरणका क्षेत्रमा काम गरिहेका देशलाई विशेषगरी खोपको समानतामा काम गर्न आग्रह गर्नुभयो ।

महासचिव गुटेरेसले भन्नुभयो, म विश्वका धनी देशलाई यो आग्रह गर्दछु कि खोप महामारी विरुद्धको एकमात्र उपाय भएकाले यसमा सबैको पहुँच पुर्‍याउन सकियोस् ।

उहाँले अहिले पनि खोपको वितरण त भइरहेको छ र विश्वका सबैजसो देशमा यो पुगेको छ भन्दै तर पनि नागरिकलाई समानरुपमा भने वितरण गरिएको छैन, त्यसैले अहिलेको प्रयासलाई अरु धेरै बढाउनुपर्ने अवस्था छ भन्नुभयो ।

अहिले खोप धनी देश र मध्यमवर्गीय देशमा पुगेको तर पनि गरिब तथा तेस्रो विश्वमा पुग्न नसकेको बताउनुभयो ।

यस्तो अवस्थामा विश्वलाई नै कोरोना भाइरसको महामारीबाट बचाउन र त्यसका लागि विश्वका सबै देशका नागरिकमा खोप उपलब्ध गराउन उहाँले आग्रह गर्नुभयो ।

यो महामारीबाट विश्वका पचास लाखभन्दा बढी नागरिकले ज्यान गुमाउनुपर्ने अवस्था दुःखद भएको भन्दै अहिले पनि मानव जातिसँग यो महामारीका विरुद्धमा लड्ने एक प्रभावकारी उपाय खोपमात्र रहेकोतर्फ सबैले बुझ्नुपर्ने उहाँले बताउनुभयो ।

### यमनमा हुथी विद्रोहीको आक्रमणमा २५ मारिए, मस्जिद ध्वस्त

आदेन, १६ कात्तिक (रासस/सिन्ह्वा) ।

यमनको उत्तरपूर्वी प्रान्त मारिबमा हुथी विद्रोहीले गरेको आक्रमणमा परी कम्तीमा पनि २५ जना सर्वसाधारण मारिएका छन् । हुथीले यहाँको एक मस्जिदमा आक्रमण गरेका यमनी सेनाले जनाएको छ । यमनी सेनाका अनुसार उक्त आक्रमणमा परी कम्तीमा पनि २५ जना सर्वसाधारण मारिएका छन् । हुथीले सोमबार क्षेप्यास्त्र हानेका थिए । त्यस क्षेप्यास्त्र प्रहारका कारण यहाँको सो मस्जिद ध्वस्त भएको छ ।

उता दुई दिन मात्र अघि पनि यहाँका हुथी विद्रोही र यमनी सैनिकबीच भिडन्त भएको थियो । त्यसमा परी २४ जनाको ज्यान गएको थियो । यमनको मध्यक्षेत्रीय प्रान्त अल बायदामा सो भिडन्त भएको थियो । उक्त क्षेत्रमा यहाँको सैनिकले हुथीका विरुद्धमा कारबाही चलाएको थियो ।

हुथी विद्रोहीले समयसमयमा यहाँको सेनामाथि पनि आक्रमण गर्ने गरेका छन् । सो क्षेत्रमा केही समययतादेखि विद्रोहीले आफ्ना क्रियाकलाप बढाएका र सरकारका सुरक्षा निकायले पनि निगरानी राखिरहेको बताइएको छ ।

### भारतमा दैनिक संक्रमितको संख्या घटयो

नयाँदिल्ली, १६ कात्तिक (रासस/एएनआई) ।


भारतमा कोरोनाभाइरसबाट दैनिक सङ्क्रमितको सङ्ख्या फेरि घटेको छ पछिल्लो २४ घण्टामा १० हजार ४२३ जना मात्रै नयाँ सङ्क्रमित भएका केन्द्रीय स्वास्थ्य मन्त्रालयले मङ्गलबार जानकारी दिएको छ । भारतमा अहिले एक लाख ५३ हजार ७७६ जना सक्रिय सङ्क्रमित रहेका पनि मन्त्रालयले जनाएको छ ।

यो सङ्ख्या २५० दिनपछि कै सबैभन्दा कम भएको अधिकारीले जनाएका छन् । भारतमा अहिले सक्रिय अवस्थामै रहेकाको सङ्ख्या कूल सङ्क्रमितको सङ्ख्याको ०.४५ प्रतिशत मात्रै हो । अर्थात हाल सक्रिय सङ्क्रमित यो सङ्ख्या सन् २०२० को मार्चपछि सब भन्दा कम हो ।

यसअघि झण्डै १३ हजारको हाराहारीमा दैनिक सङ्क्रमित हुने गरेकोमा अहिले करिब १० हजार ५०० घटेको छ । सोमबार भारतमा १५ हजार २१ जना कोरोना सङ्क्रमण मुक्त भएका छन् । यससँगै कोरोना शुरु भएबाट हालसम्म तीन करोड ३६ हजार ८३ हजार ५८१ जना कोरोना मुक्त भएका छन् ।

भारतमा कोरोना भाइरसको परीक्षण ६१ करोड दुई लाखभन्दा बढी भएको छ । यहाँ गत जनवरीको १६ बाट कोरोनाविरुद्धको खोप अभियान शुरु भएको थियो । सो समयबाट हामलसम्म एक अर्बभन्दा बढी डोज खोप लगाइएको छ ।

# महाकवि देवकोटाको जन्मजयन्ती मनाइँदै




**दैनिक समाचारदाता**
**राजविराज, १६ कात्तिक ।**

महाकवि लक्ष्मीप्रसाद देवकोटाको ११३औँ जन्मजयन्ती सप्तरीमा नाइदै छ ।

जिल्लाको कञ्चनरुप नगरपालिकामा विभिन्न कार्यक्रम गरी जन्मजयन्ति मनाइँदैछ ।

सगरमाथा साहित्य परिषद् र प्रगतिशील लेखक सङ्घको आयोजनामा साहित्यिक गोष्ठी एवं शुभकामना आदानप्रदान हुने परिषद्का अध्यक्ष मनोहर पोखरेलले जानकारी दिए ।

साहित्यिक गोष्ठीमा देवकोटाको जीवनी र योगदानबारे चर्चा हुनाका साथै साहित्यकारहरूले आ-आफ्ना सिर्जना वाचन गरिने कार्यक्रम रहेको उनले बताए ।

यसअघि कञ्चनरुपमै १११औँ देवकोटा जयन्ती मनाइएकामा गत वर्ष कोभिड-१९ का कारण मनाउन नपाइएको उनले बताए ।

महाकवि देवकोटाको जन्म विसं १९६६ कात्तिक कृष्ण औँसी अर्थात् लक्ष्मीपूजाका दिन काठमाडौँको डिल्लीबजारमा भएको थियो ।

महाकवि देवकोटाले अङ्ग्रेजी साहित्यका फ्रान्सिस बेकन, चार्ल्स ल्यास जस्ता १५ गद्य लेखकका निबन्धको चयन गरी विसं १९९७ मा 'प्रसिद्ध प्रबन्धसङ्ग्रह' प्रकाशन गरिएको थियो । विसं २०१६ मा उनी शिक्षामन्त्री हुँदा नेपालभर नेपाली भाषालाई अनिवार्य विषयका रूपमा लागू गराएका थिए । वर्तमान नेपाल प्रज्ञा-प्रतिष्ठानको स्थापनामा उनले सक्रिय योगदान पुऱ्याएका थिए ।

# चालक अनुमतिपत्रको अनलाइन फाराम पुनः अवरुद्ध

काठमाडौँ, १६ कात्तिक (रासस) ।

चालक अनुमतिपत्रको अनलाइन फारम सुरु भएको केही दिनमा नै प्राविधिक कारणले गर्दा अवरुद्ध भएको छ ।

कात्तिक ८ गते चालक अनुमतिपत्रको अनलाइन आवेदन खुलाइएको भए पनि १० गते नै समस्याका कारण स्थगित भएको विभागले जनाएको छ । सफ्टवेयरमा समस्या आएपछि अहिले प्राविधिकले मर्मत गरिरहेको विभागका प्रवक्ता डा लोकनाथ भुषालले बताउनुभयो । जतिसक्दो चाँडो त्यसको समस्या समाधान गरेर सेवा चालू गर्न खोजिएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "हामीले जतिसक्दो चाँडो भनेका छौँ कति दिन लाग्छ भन्न सकिँदैन ।"

अनुमतिपत्रका लागि आवेदन गर्दा नयाँ आवेदन र अर्को अनुमतिपत्र लिइसकेकाको वर्ग थपिने गरिएको छ । नयाँ अनुमतिपत्रका लागि आवेदन दिँदा समस्या भए पनि अर्को वर्ग थप्नेमा सबै विवरण भरेर फाइल बुझाउने समयमा समस्या देखिएको प्रवक्ता डा भुषालले बताउनुभयो । एकै पटक धेरै सेवाग्राहीले आवेदन भर्न खोजेकाले समस्या देखिएको हुनसक्ने उहाँले बताउनुभयो ।

नियमित रूपमा चालू नभएको सेवा खुलाउनाथ सेवाग्राहीको चाप हुने गरेको छ । विगतमा पनि अनलाइन फारम भर्दा पनि समस्या भइरहेको थियो । अहिलेको आवश्यकताअनुसार त्यसको क्षमता नभएको हुनसक्ने भन्दै प्राविधिकले 'अपडेट' गरिरहेको उहाँले बताउनुभयो ।

कोभिडका कारण झण्डै डेढवर्ष पहिलेदेखि अनुमतिपत्रको परीक्षा नियमित भइरहेको छैन । विसं २०७६ चैतदेखि सरकारले जारी गरेको बन्दाबन्दीका कारण परीक्षा स्थगित गरिएकामा झण्डै १० महिनापछि अनलाइन फारम खुलाइएको थियो ।

त्यो खुलाइएको केही समयपछि नै पुनः दोस्रो लहरका कारण पुनः सेवा स्थगित भयो । गत वैशाखदेखि काठमाडौँ उपत्यकाका तीनलगायतका जिल्लामा निषेधाज्ञाका कारण सेवा सञ्चालन हुनसकेको थिएन । सरकारले असारदेखि नै अरु क्षेत्र खुलाएको भए पनि यातायात व्यवस्था विभागले सङ्क्रमण बढ्नसक्ने भन्दै अनुमतिपत्र खुलाएको थिएन । उपत्यकालगायत देशभरमा अनुमतिपत्र लिन चाहनेको सङ्ख्या धेरै छ ।

# मुसहर बालबालिकासँग संचारकर्मी सौरभले मनाए जन्मदिन



**दैनिक समाचारदाता**
**राजविराज, १६ कात्तिक ।**

सप्तरीका संचारकर्मी सौरभ यादवले मुसहर बालबालिकासँग आफ्ना जन्मदिन मनाएका छन् ।

मंगलबार जन्मदिनको अवसरमा जिल्लाको बिष्णुपुर गाउँपालिका ६ स्थित गोरगामाका मुसहर बस्ती पुगेर दुई दर्जन बालबालिकालाई उनले शैक्षिक समाग्रि बितरण गरेर जन्मदिन मनाएका हुन् ।

उनले जन्मदिनको अबसरमा धेरै खर्च गर्नुभन्दा शिक्षा क्षेत्रमा पछाडि परेका समुदायलाई प्रोत्साहन गर्ने उद्देश्यले दलित बस्तीमा जन्मोत्सव मनाएको बताए । संचारकर्मी यादव एपि वन टेलिभिजन सप्तरी सम्बाददाता रुपमा कार्यरत छन् ।

## राजविराज नगरपालिका
## वडा नं. १ को कार्यालय
## वडा कार्यालयबाट जारि भएको सूचना

**मिति : २०७८/७/१६**

जिल्ला सप्तरी राजविराज नगरपालिका वडा नं. **१०** हाल **१** बस्ने **गुजकी देवी हजाम**ले तपसिलका जग्गाहरु नामसारी दर्ता गर्न सिफारिस गरि पाउँ भनी मिति **२०७८/७/१६** मा द.न. **७२५** को निवेदन दिएको हुँदा सो जग्गामा कसैको हक दाबी भए सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो सबुत प्रमाण सहित यस नगरपालिका कार्यालयमा निवेदन दिनहुन आउनु होला । अन्यथा कानुन बमोजिम भइ जाने व्यहोरा जानकारी गराइन्छ ।

**तपसिल**

जि.स.रा.वि.न.पा. वडा नं. १० हाल १ बस्ने **जितन ठाकुर** नाउको दर्ताको जग्गा

| जिल्ला | गाविस/न.पा. | वार्ड न. | कि.न. | क्षेत्रफल |
|---|---|---|---|---|
| सप्तरी | चनौरा पडरिया | ८ | ८७४ | ०-०-६ |
| सप्तरी | चनौरा पडरिया | ८ | ८७६ | ०-०-५ १/२ |
| सप्तरी | चनौरा पडरिया | ९ | ११८६ | ०-०-१३ १/२ |
| सप्तरी | चनौरा पडरिया | ९ | ११९१ | ०-०-५ |
| सप्तरी | चनौरा पडरिया | ९ | १६५३ | ०-०-११ १/२ |
| सप्तरी | चनौरा पडरिया | ८ | १८८४ | ०-१-१९ |

**चन्द्र शेखर चौधरी**
**वडा अध्यक्ष**
**रा.वि.न.पा.वडा नं. १**

***प्रदेश १ मा ...***

गरेका छन् । बुबा नरेन्द्रबहादुर राई र आमा धनकुमारी राईका ४ सन्तानमध्ये कान्छा सदस्य उनले गाउँकै स्कुलबाट अनेरास्ववियुमार्फत राजनीतिक यात्रा सुरु गरेका थिए ।

स्कुलको अखिल इकाई सचिवबाट सुरु भएको उनको राजनीतिक यात्रा त्यही संगठनको राष्ट्रिय अध्यक्ष दुई कार्यकाल भएका थिए ।

२०४३ मा एसएलसी उत्तिर्ण गरेपछि लगातार रत्न राज्यलक्ष्मी क्याम्पस काठमाडौंमा पढेर त्यहीँबाट राजनीतिशास्त्रमा स्नात्तकोत्तर गरेका उनले हालसम्म ३७ वर्ष पूर्णकालीन राजनीतिमा बिताइसकेका छन् ।

एमाले अखिलको केन्द्रीय सदस्य, सचिव, महासचिव हुँदै उनी २०५७ मा अखिल अध्यक्ष बनेका थिए । पहिलो कार्यकाल २०५९ मा सिध्याएका उनी ०५९ देखि ०६१ सम्म पुनः अखिल अध्यक्षमा दोस्रो कार्यकालका लागि दोहोरिएका थिए ।

***'दुई वर्षभित्र सबै...***

निजी क्षेत्रको ठूलो योगदान रहेको बताउँदै सरकार र दातृ निकायले निजी क्षेत्रलाई सँगसँगै लिएर अगाडि नबढेसम्म आगामी दिनमा पनि लक्षित उपलब्धि हासिल हुन सक्दैन भन्नुभयो ।

समारोहमा यस वर्षको मञ्चुका स्मृति अक्षय कोषबाट स्थापित सुप्रविध स्मृति नवीकरणीय ऊर्जा पुरस्कारबाट हस्क पावर नेपाल प्रालि (वीरगञ्ज), घाम पावर नेपाल प्रालि (काठमाडौँ) र पृसु इलेक्ट्रोनिक्स प्रालि (काठमाडौँ) लाई प्रदान गरियो । नवीकरणीय ऊर्जा क्षेत्रमा विशिष्ट योगदान दिने संस्थालाई प्रदान गरिने यो पुरस्कारको राशि जनही रु २५ हजार रहेको छ ।

मन्त्री भुसालले नवीकरणीय ऊर्जा क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने दातृ निकाय, निजी क्षेत्रका सङ्घसंस्था तथा प्राज्ञिक व्यक्तित्व एवं सञ्चारकर्मीहरूलाई सम्मानित गर्नुभएको थियो ।

चाडपर्वको बेला सवारी साधनमा भिडभाड नगरौं,
मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं ।

*दुर्घटनाबाट आफूपनि बचौं र अरुलाई पनि बचाऔं*

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit
Prabhu Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*